**बैठक संख्या :**

आज मिति २०८०/०१/२७ गतेका दिन बागलुङ नगरपालिकाका नगरप्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको बैठकको उपस्थिती निर्णय देयाय  निम्नानुसार छ ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |
| अन्य उपस्थिति | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

निर्णयहरु

निर्णय नं. १

गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्ममा भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । सो बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निर्णय नं. २

माथि छलफल गर्दा आ.व. ०८०/०८१ को बार्षिक बजेट, नीति तथा कार्यक्रम स्वीकृत गर्नको लागि आगामी नगरसभा सम्म सम्पन्न गर्नु पर्ने कार्यक्रमको तपशिल बमोजिमको तालिका स्वीकृत गर्ने निर्णय गरियो ।

तपलिश

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी | समायवधी |
|---|---|---|---|
| १ | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण (संशोधित)<br>(क) स्थानीय राजस्व परामर्श समितिको बैठक<br>(ख) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक । | २०८० बैशाख ३१ गते भित्र | अनुमानित आय, बजेट सीमा निर्धारण, वडागत र विषयगत बजेट सिलिङ निर्धारण, आयोजना प्राथमिकीकरणका आधार तयार गर्ने । |
| २ | गैर सरकारी संस्था योजना तथा बजेट सम्वन्धमा छलफल गर्ने । | २०८० जेष्ठ ५ गते भित्र । | |
| ३ | बस्ती/टोलस्तरमा आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने । | २०८० जेष्ठ १५ गते भित्र । | |
| ४ | वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण । | २०८० जेष्ठ २० गते भित्र । | |
| ५ | विषयगत समितिमा छलफल तथा प्राथमिकीकरण । | २०८० जेष्ठ २५ गते भित्र । | बिषयगत क्षेत्रका सरोकारवाला संग छलफल । |
| ६ | बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा । | २०८० जेष्ठ ३२ गते भित्र । | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकमा छलफल । |
| ७ | कार्यपालिकाबाट बजेट, नीति तथा कार्यक्रम स्वीकृत | २०८० असार ७ गते भित्र । | |
| ८ | बजेट, नीति तथा कार्यक्रम नगरसभामा पेश । | २०८० असार १० गते भित्र | |

निर्णय नं.३

बागलुङ नगरपालिकामा वर्तमान जनप्रतिनिधि वहाल रहेको ३६५ दिनको अवसरमा मिति २०८० जेठ ६ गतेका दिन बागलुङ जिल्लाबाट संघ तथा प्रदेशमा प्रतिनिधित्व गर्ने सम्पूर्ण सांसद, पूर्व सांसद, पूर्व जनप्रतिनिधी, जिल्ला स्थित सम्पूर्ण कार्यालय, विशिष्ट महानुभावहरु, राजनैतिक दल, आम नगरवासीहरु सहित वृहत कार्यक्रम मार्फत उपलब्धी सार्वजनिक गर्ने र विभिन्न विधामा योगदान गरेका व्यक्तिहरुलाई सम्मान गर्ने गरी तपशिल बमोजिमको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

(क) सम्मान, पुरस्कार तथा Token of love वितरण तर्फ

(१) गण्डकी प्रदेश स्तरीय राष्ट्रपती रनिङ्गशिल्ड प्रतियोगिता अन्तर्गत उसु प्रतियोगितामा बागलुङ नगरपालिकाको तर्फबाट सहभागी भई स्वर्ण पदक जित्न सफल २ जना सहभागिहरु लाई सम्मान पत्र, दोसल्ला र नगद रु ६६६६।- मा कर कट्टी गरी रु ५०००।-

(२) ओलम्पीकको २७ औ संस्करण प्रतियोगितामा नेपालको तर्फबाट सहभागी बागलुङ नगरपालिका वडा नं. ३ निवासी श्री भगवती खत्री । (प्रति महिना रु ५०००।- का दरले रु २००००।- सहित सम्मान पत्र र दोसल्ला) ।

(३) आर्थिक वर्ष २०७८/०७९ मा बागलुङ नगरपालिकालाई सवै भन्दा बढी कर तिर्ने उत्कृष्ट करदाता (सम्मान पत्र र दोसल्ला)

(४) तरकारी व्यवसाय र पशुपालन क्षेत्रमा उदाहरणीय कृषक २ जनालाई (सम्मान पत्र, दोसल्ला र नगद सहित १५०००।- पन्ध्र हजारका दरले)

(५) सामुदायिक विद्यालयका प्र.अ. मध्ये उत्कृष्ट प्र.अ. र उत्कृष्ट वि.व्य.स.का अध्यक्ष २ जनालाई ( सम्मान पत्र र दोसल्ला)

(६) गुणस्तरीय कार्यसम्पादन गर्ने उपभोक्ता समिति २ वटा (प्रमाण पत्र र दोसल्ला)

(७) साविक महिला तथा वालवालिका कार्यालय अन्तर्गत महिला जागृति तथा आयआर्जन कार्यक्रममा सामाजिक परिचालकको रुपमा कार्य गरी सेवा निवृत हुनु भएका

बागलुङ नगरपालिका वडा नं. ९ बाट (साविक तित्याङ गाविस) श्री विष्णु कुमारी शर्मा

बागलुङ नगरपालिका वडा नं. ८ बाट (साविक सिगाना गाविस) श्री शुसिला पन्त

बागलुङ नगरपालिका वडा नं. १० बाट (साविक भकुण्डे गाविस) श्री दिल कुमारी शर्मा

बागलुङ नगरपालिका वडा नं. १४ बाट (साविक नारायणस्थान गाविस) श्री दुर्गा देवी शर्मा ढकाल

(सम्मान पत्र, दोसल्ला र नगद रु १३३३३।- मा कर कट्टी गरी रु १०,०००।-)

(८) उत्कृष्ट पत्रकार १ जना (दोसल्ला, प्रमाणपत्र र नगद रु २०,०००।- मा कर कट्टी गरी रु १५०००।-

(९) संस्थापक नगरप्रमुख स्व.ऋषिराम शर्मालाई मरणोपरान्त सम्मान गर्ने तथा पूर्व नगरप्रमुख श्री जनकराज पौडेल, संस्थापक नगरउपप्रमुख श्री पद्मचन्द्र राजभण्डारी र पूर्व नगर उपप्रमुख श्री सुरेन्द्र खड्कालाई (दोसल्ला र सम्मान पत्र)

(१०) गत आ.व.को गोविन्द अधिकारी छात्रवृत्ति कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयका २३ जना छात्र/छात्रा (नगद रु ५,०००।-) र पदम सिंह विश्वकर्मा छात्रवृत्ति कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयका २७ जना छात्र/छात्रा (नगद रु १०,०००।-)

(१२) गण्डकी प्रदेश सभाका वर्तमान ११ जना माननीय र मुख्य मन्त्री (दोसल्ला र सम्मान पत्र)

(१३) प्रतिनिधि सभाका वर्तमान सदस्य ३ जनालाई (दोसल्ला र सम्मान पत्र)

(१४) पूर्व सांसद लगायत विशिष्ट पाहुनालाई Token of love वितरण ।

**(क) प्रचार प्रसार तथा उपलब्धी सार्वजनिकीकरण तर्फ**

(१) ३६५ दिनको उपलब्धी सार्वजनिक गर्नको लागि बागलुङ स्थित राष्ट्रिय दैनिक पत्रिकामा बागलुङ नगरपालिका विशेषांकको रुपमा प्रकाशन गर्ने गरी पत्रिका संग सम्झौता गर्ने ।

(२) कार्यक्रम लाईभ प्रशारण गर्नको लागि धौलागिरी टेलिभिजन संग सम्झौता गर्ने ।

(३) कार्यक्रमको व्यवस्थापनको लागि साउण्ड सिस्टम, टेन्ट, कुर्ची, निमन्त्रणा कार्ड लगायत उक्त दिन टाढाबाट आएका अतिथि पाहुनाहरुलाई खाना चिया नास्ताको प्रवन्ध गर्ने ।

**निणर्य नं. ४**

बागलुङ नगरपालिकाको दैनिक तथा प्रशासनिक कार्य सम्पादनको लागि मस्यौदा तयार भै पेश हुन आएका तपशिल बमोजिमका कार्यविधी पास तथा संशोधन गर्ने निर्णय गरियो ।

(क) नगरप्रमुख स्वरोजगार कार्यक्रम कार्यविधि

(ख) कन्टेन्जेन्सी खर्च सम्वन्धी कार्यविधि

(ग) उपप्रमुख पर्यटन विकास कार्यक्रम कार्यविधि

(घ) खुसी महिला कार्यविधि

(ङ) शहरी गरिवि न्युनिकरण कोष संचालन निर्देशिका

**निणर्य नं. ५**

बागुङ नगरपालिका अन्तर्गत वडा नं. ५ मा रहेको श्री मालिका मा.वि.मा माध्यामिक तहको गणित विषयको शिक्षक फौज्दारी अभियोगमा जिल्ला अदालत बागलुङको फैसला बमोजिम हाल जेल चलान भएकोले माध्यामिक तहको गणित जस्तो महत्वपूर्ण विषय पठन पाठन नभएको र तल्ला तहका अन्य शिक्षकहरुलाई समेत खटाउन

नभिल्ने भएकोले उक्त गणित शिक्षक अदालतबाट पुर्नवाहली भई आएमा करारमा राखिएको शिक्षक स्वत: अवकास हुने गरी हाललाई नियमानुसार करारमा शिक्षक नियुक्ति गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

चालु आर्थिक वर्षको लागि कार्यालय संचालन तथा प्रशासनिक खर्च (चालु) तर्फ विनियोजन भएको बजेट रकम नपुग हुने तपशिल बमोजिमका शिर्षकहरुमा कन्टिन्जेन्सी कट्टी वापत भएको रकमबाट खर्च गर्ने गरी अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

(१) सवारी साधन मर्मत सम्भार खर्च

(२) विविध खर्च

(३) फिल्ड भत्ता

(४) कर्मचारी बैठक भत्ता

(५) ईन्धन (डोजर संचालन)

(६) पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशन खर्च

(७) विमा तथा नविकरण खर्च

(८) मेला, महोत्सव समारोह आयोजना

(९) इन्धन पदाधिकारी

(१०) कर्मचारी/जनप्रतिनिधी भ्रमण

**निर्णय नं. ७**

नागरिक सुरक्षित आवास कार्यक्रम अन्तर्गत स्वीकृत बजेट भित्र रहेका ९६ वटा खरका छाना भएका घरलाई जस्तापाता उपलब्ध गराउने गरी भएको नगरप्रमुख ज्युबाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस कार्यालयको हलुका सवारी साधन ग.१.झ.२२४ नं. को सवारी साधनमा चालक अभावको कारण योजना अनुगमन लगायत कार्यालयको कामकाजमा समस्या परेको कारण बा.न.पा. वडा नं. ५ निवासी केदार खत्रीलाई दैनिक ज्यालादारीमा सवारी चालकको रुपमा कामकाज गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस कार्यालयमा विभिन्न संघसंस्थाले देहाय बमोजिमका कामकाजको लागि रकम भुक्तानी पाँउ भनि पेश गरेको निवेदन सम्वन्धमा आवश्यक छलफल गरी तपशिल बमोजिमका संघ संस्थालाई तपशिल बमोजिमको कामकाज सम्पन्न बमोजिमका विल भरपाईको आधारमा देहाय बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | संघसंस्थाको नाम | कार्यक्रम | भुक्तानी दिने रकम | भुक्तानीको शिर्षक |
|---|---|---|---|---|
| १ | लायन्स क्लव J | डिष्ट्रिक क्याविनेट मिटिङ व्यवस्थापन (खाना, खाजा समेत) | ५०,०००।- | अन्य संघ/संस्था सहायता |
| २ | लायन्स क्लव K | तेश्रो क्याविनेट मिटिङ व्यवस्थापन (खाना, खाजा समेत) | ५०,०००।- | अन्य संघ/संस्था सहायता |
| ३ | बागलुङ जेसिज | फुटवल प्रतियोगिता (प्रायोजक) | ३००,०००।- | अन्य संघ/संस्था सहायता |
| ४ | जिल्ला ट्राफिक कार्यालय | ट्राफिक सप्ताह | ५०,०००।- | अन्य संघ/संस्था सहायता |
| ५ | नेपाल शिक्षक संघ, जिल्ला कार्य समिति | अर्न्तक्रिया कार्यक्रम | २०,०००।- | अन्य संघ/संस्था सहायता |
| ६ | नेपाल मगर विद्यार्थी संघ, केन्द्रीय समिति | विज्ञापन/शुभकामना | २०,०००।- | अन्य संघ/संस्था सहायता |
| ७ | भगत सर्वजित विश्वकर्मा प्रतिष्ठान, बा.न.पा.७ | बार्षिक उत्सव, (स्टेशनरी चिया खाजा तथा व्यवस्थापन) | ४०,०००।- | अन्य संघ/संस्था सहायता |
| ८ | सहारा क्लव | जैमिनि महोत्सव | १००,०००।- | अन्य संघ/संस्था सहायता |

**निर्णय नं. १०**

बागलुङ नगरपालिका वडा नं. ४ स्थित दावगरा बसपार्क संचालन व्यवस्थापनको सम्वन्धमा सरोकारवालाहरु बीच मिति २०८०।०२।०१ गतेका दिन छलफल तथा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

बागलुङ नगरपालिकाद्धारा संचालन गरिएको सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको लागि बागलुङ नगरपालिकाका अधिकृत छैठौ श्री भिमसेन पन्तलाई सम्पर्क व्यक्ति (फोकल पर्सन) तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

बागलुङ नगरपालिकामा नगर स्तरिय खेलकुद विकास समिति गठन नभएको हुँदा कार्यविधि बनाए पश्चात बाँकी सदस्य नियुक्ति गर्ने गरी हाल बा.न.पा. वडा नं. २ का वडा अध्यक्ष श्री सुरज बोसेललाई नगर खेलकुद विकास समितिको संयोजक तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

बागलुङ नगरपालिकाको ११ औं नगरपरिषद्द्धारा बालमैत्री स्थानीय शासनका पूर्वाधार निर्माण तथा घोषणाको लागि नगरस्तरिय कार्यक्रमको सि.नं. ६७ सि.नं. २२५२२ बाट रु ४०,००,०००।- विनियोजन भएको र विभिन्न विद्यालयबाट पूर्वाधार निर्माण, मर्मत र व्यवस्थापनको लागि ल.ई. सहित माग भै आएकोले आवश्यकता र औचित्यताको आधारमा प्रति विद्यालय रु ३५,०००।- देखि बढीमा ५५,०००।- हुने गरी बालमैत्री स्थानीय शासनलाई सहयोग पुग्ने गरी विद्यालयका पूर्वाधार निर्माण, मर्मत तथा व्यवस्थापन तर्फ उक्त रकम खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

बागलुङ नगरपालिका विपि स्मृति पुस्तकालय, गण्डकी प्रदेश पोखराको संस्थापक सदस्य रहेको हुँदा सस्थापक सदस्यता शुल्क वापतको रकम रु १००,०००।- अक्षेरुपी एकलाख रुपैया मात्र भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

बागलुङ नगरपालिका वडा नं. १३ स्थित श्री कालिगण्डकी प्रशारण करिडोर आयोजना अन्तर्गतका तपशिल बमोजिमका आयोजनाको लागि कालिगण्डकी प्रशारण करिडोर आयोजना मार्फत प्राप्त बजेटबाट उक्त आयोजना संचालनको लागि नियमानुसार पेश्की रकम उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

१ त्रिभुवन मा.वि. पैयुपाटा कम्पाउण्ड तारवार चिल्ड्रेन पार्क गेट निर्माण ।

२. बा.न.पा १३ नं. वडा कार्यालय फर्निचर व्यवस्थापन तथा रंगरोगन ।

३. टावर नं. 5B/1, 3A/0 पुग्ने पहँच मार्ग ग्यावियन जाली वाल निर्माण ।

४. राहाले पहिरो नियन्त्रण ग्यावियन जाली ।

५. ज्ञान ज्योती शिव मन्दीर अंधेरीखोला ग्यावियन जाली तथा रंगरोगन ।

निर्णय नं. १६

बागलुङ नगरपालिका वडा नं. ७ तितौरे स्थित श्री गणेश र शिव मन्दिर व्यवस्थापन समितिले मन्दिर प्रयोजनका लागि साउण्ड सिस्टम लगायतका आवश्यक सामाग्रीको लागि दिएको निवेदन सम्वन्धमा छलफल हुँदा हाल श्री गणेश र शिव मन्दिर व्यवस्थापन समितिलाई एक थान साउण्ड सिस्टम खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १७

बागलुङ बजार क्षेत्रमा अनावश्यक रुपमा रहेका पुराना जिर्ण पोल तथा तार र सडक पेटी प्रयोग गरी निर्माण गरिएका अस्थायी संरचनाको कारण बजार कुरुप भै व्यवस्थापनमा समेत समस्या परेको हुँदा सम्वन्धीत पक्षसंग समन्वय गरी त्यस्ता पोल, तार र संरचना हटाउनको लागि बा.न.पा. वडा नं. १, २, ३ र ४ का वडा सदस्यहरु मध्येबाट ४ जना सदस्य रहने गरी बा.न.पा. वडा नं. २ का वडा सदस्य श्री अर्जुन घिमिरेको संयोजकत्वमा ५ सदस्यीय बजार व्यवस्थापन समिति गठन गरी उल्लेखित कार्य गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. १८

बागलुङ नगरपालिका वडा नं. ८ स्थित लामीचौर खानेपानी योजना (संघीय सरकार विशेष अनुदान र बागलुङ नगरपालिका) को ल.ई. स्वीकृत भई बोलपत्र आव्हान भएकोमा प्राप्त बोलपत्र मध्ये छनौट हुन आएको एप्पल कन्ट्रक्सन, बा.न.पा. १३, बागलुङको ठेक्का स्वीकृत गरी नियमानुसार सम्झौता प्रकृया अगाडि बढाउदै गर्दा नियामक निकायबाट कागजातहरु माग गरिएको तर सम्झौता गरी काम अघि नबढाउनु भन्ने निर्देशन प्राप्त नभएको अवस्था रहेकोले अति आवश्यक रहेको खानेपानी समस्या समाधानका लागि उक्त आयोजनाको सम्झौता गरी कार्यान्वयन अघि बढाउने निर्णय गरियो ।